पान नं. २०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

मो. ९८०२५८९१६३

गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

पत्र संख्याः-२०८३/०८४
चलानीः-४६८

मितिः- २०८३।०६।२८

श्री वडा कार्यालयहरु सबै
परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा ।

विषयः <u>लगत कट्टा गर्ने सम्बन्धमा</u>।

प्रस्तुत विषयमा चालु आ.व. २०८३/०८४ को प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत विद्युतीय माध्यमबाट सिधै लाभग्राहीहरूको बैंक खातामा जम्मा हुने व्यवस्था रहेको हुँदा हालसम्म मृत्यु भएका तथा बसाइसराइ गरी अन्यत्र गएका लाभग्राहीहरूको बिवरण यकिन गरी ३ दिनभित्र अनिवार्यरूपमा लगत कट्टा गर्नुहुन सम्बन्धित वडा कार्यालयहरूलाई जानकारी गराइन्छ।

साथै, मृत्यु भएका लाभग्राहीहरूको वडा कार्यालयबाट समयमै लगत कट्टा नगरिएको कारण मृतकको बैंक खातामा सामाजिक सुरक्षा भत्ता जम्मा भई रकम दुरुपयोग हुन गएमा सोको जिम्मेवारी सम्बन्धित कर्मचारीले वहन गर्नुपर्ने तथा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ बमोजिम आवश्यक कारबाही हुन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

अतः सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन सम्बन्धित लाभग्राहीहरूको विवरण तत्काल अद्यावधिक गरी तोकिएको समयभित्र लगत कट्टाको कार्य सम्पन्न गराउनु हुन अनुरोध छ।

.....
(कृष्ण नन्दन राय)
प्रमुख प्रशासकीय अधिकृत

<u>अवगतार्थः</u>
१. श्री गाउँपालिका अध्यक्षज्यू, परवानीपुर गाउँपालिका, बारा ।
२. श्री गाउँपालिका उपाध्यक्षज्यू, परवानीपुर गाउँपालिका, बारा ।